बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची - १

### बुदा नं १२.२ सँग सम्बन्धित

बैठक संख्याः १०८

मितिः २०८१/०४/३०

अध्यक्षताः श्री ऋषि केशव बुढा मगर

**कार्यपालिकाका पदाधिकारीहरुः**

| | | |
|---|---|---|
| १. | श्री ऋषि केशव बुढा मगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढा मगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्ति मगर | ४ नं वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थितिः**

| | | |
|---|---|---|
| १. | श्री भिमसेन बुढा मगर | सूचना प्रविधि अधिकृत |
| २. | श्री तुल बहादुर पुन | जनस्वास्थ्य निरिक्षक |
| ३. | श्री यज्ञ प्रसाद कडेल | आर्थिक प्रशासन प्रमुख |
| ४. | श्री देवदत्त रिजाल | प्रशासन पाचौं |
| ५. | श्री सरोज रोका | कार्यालय सहयोगी |

**प्रस्ताव:**

१. १५ शैय्या अस्पतालको सञ्चालन स्वीकृति सम्बन्धमा,

२. १५ शैय्या अस्पताल सञ्चालनका लागि साझेदारी सम्बन्धमा,

३. स्वास्थ्य वीमा सम्बन्धमा,

४. आँखा उपचार केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धमा,

५. रोजगार सेवा केन्द्रको कार्यक्रम छनोट तथा सञ्चालन सम्बन्धमा,

६. कार्यविधि सम्बन्धमा,

७. विविध,

a. पोबाङ थबाङ सडक खण्डको टेन्डर सम्बन्धमा ।

**निर्णय:**

प्रस्ताव नं. १ माथि छलफल गर्दा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंको पत्र संख्या १(यो) २०७७/७८, च.नं.-२०९, मिति २०७७/०६/१८ गतेको प्राप्त पत्रानुसार मन्त्रालय (मा.मन्त्रिस्तर) मिति २०७७/०४/२८ को निर्णयानुसार स्थानीय तहको स्वास्थ्य संस्था स्तरोन्नती गरि ५/१०/१५ शैय्याको अस्पताल निर्माण गर्ने निर्णय भए बमोजिम साविक स्वास्थ्य चौकी थबाङ स्तरोन्नती भई यस थबाङ गाउँपालिकाको १५ शैय्याको आधारभूत अस्पताल भवन निर्माण कार्यको अन्तिम चरणमा रहेको उक्त (साविक स्वास्थ्य चौकी थबाङसँग साविक जलजला सामुदायिक अस्पताल तथा अनुसन्धान केन्द्र थबाङ समायोजन भएको ) क्षेत्रमा मिति २०७५ साल फाल्गुन ०३ गते देखि २४ सै घण्टा आकस्मिक सेवा एवं आधारभूत सेवा प्रदान गर्दै आएको समायोजन पश्चात नामाकरण भएको तत्कालिन पालिकाको १५ शैया जलजला अस्पताल तथा अनुसन्धान केन्द्र थबाङको नाम, प.सं.:२०८०/८१, च.नं.-४१४, मिति २०८०/०७/१७ गतेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंलाई गरेको पत्रानुसार आ.व. २०८०/८१ बाट हाल कायम रहेको **थबाङ आधारभूत अस्पताल, झकेबाङ, रोल्पा**लाई नेपालको सरकारको प्रचलित नियमानुसार १५ शैयाको सञ्चालन तथा स्वीकृतीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौंमा लेखि पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.-२ माथि छलफल गर्दा आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा सबै स्थानीय तहमा ५ देखि १५ शैया सम्मका आधारभूत अस्पताल स्थापना गर्ने नेपाल सरकारको नीति अनुरुप यस थबाङ गाउँपालिकाको १५ शैयाको आधारभूत अस्पताल निर्माण कार्य अन्तिम चरणमा भएको (उपलब्ध स्वास्थ्य चौकीको भवनबाट अस्पतालका सेवाहरु सुचारु समेत भएको ) साथै जिल्ला सदरमुकाम लिबाङ देखि ७५ किलोमिटर अति दुर्गम र उच्च पहाडी भू-भागमा रहेकोले गुणस्तरीय ग्रामिण आधारभूत स्वास्थ्य सेवा विस्तारको लागि थबाङसँग जोडिएका छिमेकी गाउँपालिका परिवर्तन, माडी, सुनछहरी साथै अझ नजिकमा रहेको छिमेकी हिमाली जिल्ला रुकुम (पूर्व) का पुथा र भूमे गाउँपालिका समेतका नागरिकहरुलाई समेत सेवा प्रदान गर्न हालको अवस्थामा अत्यन्त आवश्यक देखिएकोले **निक साइमन्स इन्स्टिच्युट, सानेपा, ललितपुर, नेपालसँग** १५ शैया

अस्पताल सञ्चालनार्थ मानव संशाधन, मेडिकल तथा सर्जिकल इक्युपमेन्ट लगायतको सहयोगमा साझेदारीमा काम गर्न अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-३ माथि छलफल गर्दा थबाङ गाउँपालिका वडा नं.-१, झकेबाङ, रोल्पामा रहेको थबाङ आधारभूत अस्पतालबाट बिमा स्वास्थ्य कार्यक्रम लागू गर्न, छिमेकी गाउँपालिका र छिमेकी हिमाली जिल्ला रुकुम (पूर्व) समेतका बिमीतहरुलाई बिमा स्वास्थ्य कार्यक्रम कार्यान्वयन हुनेगरी, नेपाल सरकार, स्वास्थ्य वीमा बोर्ड, बबरमहल, काठमाडौंलाई सेवा सम्झौताका लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.-४ माथि छलफल गर्दा, थबाङ ग्रामिण आँखा उपचार केन्द्र स्थापना सम्बन्धमा तपसिल बमोजिमको निर्णय सर्वसम्मत गरियो ।

क. यस थबाङ गाउँपालिका र तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं, नेपाल बीच थबाङ ग्रामिण आँखा उपचार केन्द्र स्थापना र सञ्चालनको लागि सम्झौता पत्रमा उल्लेखित शर्त अनुसार दुवै पक्षबीच सम्झौता गर्ने ।

ख. थबाङ ग्रामीण आँखा उपचार केन्द्र स्थापना र सञ्चालनको लागि हाललाई थबाङ गाउँपालिका वडा नं.-१ मा रहेको थबाङ आधारभूत अस्पताल, झकेबाङ, रोल्पा परिसर भित्र कार्यालय राखी आँखा उपचार सेवा प्रदान गर्न आवश्यक व्यवस्था थबाङ गाउँपालिका र थबाङ आधारभूत अस्पतालले गर्ने ।

ग. थबाङ आँखा उपचार केन्द्र सञ्चालनको लागि सेवा करारको माध्यमबाट तपसिल बमोजिमको जनशक्ति व्यवस्थापन गर्ने,

तपसिल

| क्र.सं. | पद | सेवा/समूह | तह | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | नेत्र सहायक | | सहायक पाँचौं | १ | |
| २. | अप्टिकल फिटर | नेपाल प्रशासन/सामानय प्रशासन | श्रेणीविहिन | १ | |

नोटः यसरी व्यवस्थापन गरिने जनशक्तिको लागि यस गाउँपालिकाको नियमानुसार पहिलो वर्ष ५०%, दोस्रो वर्ष ७०%, तेस्रो वर्ष ८०% र चौथो वर्ष देखि सम्पूर्ण तलवभत्ता तथा सेवा सुविधा थबाङ गाउँपालिकाले उपलब्ध गराउने, यी वर्षसम्मको लागि बाँकी तलवभत्ता तथा सेवा सुविधा तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं, नेपालले व्ययभार गर्ने ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को प्रधानमन्त्रि रोजगार कार्यक्रमका लागि सशर्त अनुदानमा प्राप्त बजेटबाट रोजगार सेवा केन्द्रमार्फत सञ्चालन गर्ने गरी बजेट वडामा तपशिल बमोजिम बाँडफाँड गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा | बजेट |
|---|---|---|
| १ | १(थबाङ) | ८,७२,०००/- |
| २ | २(थबाङ) | ९,००,०००/- |
| ३ | ३(मिरुल) | १०,००,०००/- |
| ४ | ४(उवा) | ९,००,०००/- |
| ५ | ५(उवा) | १०,४४,०००/- |
| | **कुल जम्मा** | **४७,१६,०००/-** |

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाका तपशिलका कार्यविधिहरु अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

***तपशिल***

१. जलजला पर्यटकीय स्थल तथा पुजा मेला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

२. थबाङ गाउँपालिकाको घर, जग्गा, भवन, कोठा, टहरा बहालमा लगाउने सम्बन्धी कार्यविधि, २०८१

प्रस्ताव नं ७ माथि छलफल गर्दा लुम्बिनि प्रदेश सरकारको समपुरक योजना अन्तर्गत पोबाङ थबाङ सडक खण्डको टेन्डर अन्तर्गत थबाङ गाउँपालिकाको क्षेत्रभित्र पर्ने वडा नं ४ र ५ मा बाटो खोलिसकेपछि अझैसम्म स्तरोउन्नति नभएको, पहिरो आइ वर्षामा ६ महिना भन्दा बढी समय बाटो बन्द हुने गरेको, वर्षातको समयमा उत्पादन भएका खाद्यान्नको ओसारपसार बन्द भई कृषकहरुलाई मर्का परिरहेकोले पोबाङ थबाङ सडक खण्डको टेन्डर आव्हान गर्दा पोबाङबाट शुरु विन्दुमानि ठेक्का आव्हान नगरी थबाङलाई शुरु विन्दु मानि ठेक्का आव्हान गर्न सडक पूर्वाधार कार्यालय प्यूठानलाई लेखि पठाउने निर्णय गरियो ।